# प्रदेश राजपत्र

**सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित**

**खण्ड ६) धनगढी, नेपाल, असार ३२ गते, २०७९ साल (अतिरिक्ताङ्क ४**

# भाग १

सुदूरपश्चिम प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधानको धारा १७६ बमोजिमको सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७९ सालको ऐन नं.३

**आर्थिक वर्ष २०७९/८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९**

प्रस्तावनाः आर्थिक वर्ष २०७९/८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोष माथि व्ययभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन सम्वत् २०७९ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७९/८० को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकारः** आर्थिक वर्ष २०७९/८० को निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लेखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रू. ३६,७४,०७,४५,०००।- (अक्षरूपी छत्तीस अर्ब चौहत्तर करोड सात लाख पैंतालीस हजार रुपैंया) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यो ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/८० को निमित्त अनुसूची–२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिन आएमा सुदूरपश्चिम प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयले बचत हुने

अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान संख्याबाट अर्को एक वा एकभन्दा बढी अनुदान संख्यामा रकम सार्न, निकासा र खर्च लेख्न, चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

तर,

(क) एउटै अनुदान संख्याभित्रका बजेट शीर्षक वा उपशीर्षकहरुमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ ।

(ख) पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम चालू खर्च शीर्षकतर्फ सार्न सकिने छैन ।

(४) स्थानीय तहका लागि अनुदान संख्या ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान संख्यामा रकमान्तर हुने छैन ।

(५) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ५०१ देखि ६०२ सम्म विनियोजन भएको रकम जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

४. <u>अन्तर-सरकारी वित्तीय हस्तान्तरण</u>: (१) अनुदान संख्या ८०१ को रकम स्थानीय तहले कानून बमोजिम खर्च गर्न पाउने गरी अनुदानको रुपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको रकम मध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको भाद्र १०,

कार्तिक १०, माघ १० र बैशाख १० गते गरी चार किस्तामा दाखिल गर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेशमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरुप राजस्व संकलन र स्रोत व्यवस्थापन हुन नसकेमा प्रदेश सरकारले उपदफा (२) बमोजिमको पहिलो किस्ता बाहेक अन्य किस्ताको हकमा राजस्व संकलन र नेपाल सरकारबाट प्राप्त हुने स्रोतमा आधारित भई प्रदेश सरकारले तोकेको रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको सूत्र अनुसार प्रदेश सरकारले तोकेको समयमा प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय सञ्चित कोषमा दाखिल गर्नेछ ।

(४) उपदफा (२) बमोजिम वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्तिक ७ गते, माघ ७ गते, बैशाख ७ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र तथा उपदफा (३) बमोजिम प्रदेश सरकारले निर्धारण गरेको समयमा खर्च भएको रकमको विवरण बुझाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान बापतको बाँकी रकम स्थानीय सञ्चित कोषमा दाखिल गरिने छैन ।

(६) उपदफा (१) बमोजिमको अनुदान रकममध्ये सशर्त अनुदान रकमको एक तिहाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय सञ्चित कोषमा प्रत्येक वर्षको भाद्र २ गते दाखिल गर्नेछ ।

(७) स्थानीय तहले सशर्त अनुदान वापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रममा मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक

नगद प्रवाहको विवरण, वार्षिक विकास कार्यक्रम र सम्बन्धित सभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र प्रदेश लेखा इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिमको कार्ययोजना अनुसार खर्च भएको रकमको विवरण स्थानीय तहले आर्थिक वर्षको मङ्सिर १५ गते, चैत्र १५ गते र असार १५ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ ।

(९) उपदफा (८) बमोजिमको खर्चको विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले उपदफा (६) बमोजिम स्थानीय तहमा हस्तान्तरण भएको सशर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम शोधभर्ना निकासा दिनु पर्नेछ ।

(१०) प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई समपूरक र विशेष अनुदानको रकम हस्तान्तरण गर्नु पर्नेछ ।

(११) सशर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमार्फत आगामी आर्थिक वर्षको असोज मसान्तभित्र प्रदेश सञ्चित कोषमा फिर्ता दाखिल गर्नु पर्नेछ ।

(१२) उपदफा (११) बमोजिम बचत रकम फिर्ता दाखिल नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम अर्को आर्थिक वर्ष हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्नेछ ।

५. <u>योजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः</u> (१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने

गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन गर्न उपयुक्त हुने देखिएमा प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णयबाट त्यस्तो योजना वा कार्यक्रम सशर्त अनुदानको रुपमा हस्तान्तरण गर्न सकिनेछ। सो हस्तान्तरणको जानकारी आर्थिक मामिला मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित स्थानीय तहमा दिनु पर्नेछ।

(२) यस ऐन बमोजिम स्थानीय तहमा सशर्त अनुदान अन्तर्गतका योजना वा कार्यक्रम कार्यान्वयन गर्दा थप रकम माग भई आएमा आर्थिक मामिला मन्त्रालयले त्यस्तो योजना र कार्यक्रमको प्रगतिको आधारमा थप रकम उपलब्ध गराउने गरी निर्णय गर्न सक्नेछ। त्यसरी थप निकासा भएको रकम सम्बन्धित गाउँ वा नगर सभाबाट अनुमोदन गराई लेखांकन तथा प्रतिवेदन गर्नु पर्नेछ।

(३) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय तहको बजेट कार्यक्रममा समावेश भएको पूँजीगत तर्फको कुनै योजना वा कार्यक्रम स्थानीय तहले प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा सम्बन्धित स्थानीय तहले प्रदेश सरकारको विषयगत मन्त्रालयको सिफारिसमा आर्थिक मामिला मन्त्रालयको स्वीकृति लिई त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गर्न सक्नेछ। सोको जानकारी सम्बन्धित मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा दिनु पर्नेछ।

(४) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश सरकारको बजेट कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको कुनै निकायमार्फत सञ्चालन गर्न आवश्यक भएमा आर्थिक मामिला मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको

सहमतिमा त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गराउन सकिनेछ ।

(५) उपदफा (४) बमोजिमको निर्णयको जानकारी आर्थिक मामिला मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

(६) उपदफा (३) बमोजिम स्थानीय तहको योजना वा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले प्रादेशिक निकायको नाममा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहेको विविध खातामा जम्मा हुने गरी निकासा दिनु पर्नेछ ।

(७) उपदफा (४) बमोजिम प्रदेश सरकारको योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने स्वीकृति प्राप्त भएमा संघीय कार्यालयलाई प्रदेश सरकारको एकल खाता कोष प्रणालीमा प्रदेश निकायको रुपमा कार्यालय कोड दिई प्रचलित कानून बमोजिम रकम निकासा दिनु पर्नेछ ।

६. **लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण**: (१) यस ऐन बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रुपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई सुरु विनियोजन भएको तहमा पठाउनु पर्नेछ ।

७. **वित्तीय अनुशासन सम्बन्धी व्यवस्था**: (१) स्थानीय तहले यस ऐन बमोजिम प्राप्त गर्ने राजस्व र अनुदान कानून बनाई खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहाय बमोजिमको व्यवस्था समावेश हुने गरी बनाउनु पर्नेछः-

(क) नेपाल सरकार तथा प्रदेश सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिल गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र खर्च गर्ने,

(घ) पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने,

(ङ) प्रचलित संघीय र प्रादेशिक कानूनले निर्धारण गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा लेखा प्रणाली लागु गर्नुपर्ने ।

८. <u>अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था</u>: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकारप्राप्त अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ ।

(३) कुनै निकायलाई एक भन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले संवत् २०७९ साल असोज मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायहरुलाई बाँडफाँट गरी त्यसको जानकारी आर्थिक मामिला मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाईलाई दिनु पर्नेछ ।

तर कुनै मनासिव कारणले सम्वत् २०७९ साल असोजभित्र विनियोजन भएको निकायको प्रमुखले बाँडफाँट गर्न नसकेमा सोको

कारण खुलाई सम्वत् २०७९ साल कार्तिक मसान्तभित्र बाँडफाँटको लागि अनुरोध गरेमा आर्थिक मामिला मन्त्रालयले सम्वत् २०७९ साल पुस मसान्तभित्र बाँडफाँट गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ ।

(६) उपदफा (५) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायले आर्थिक मामिला मन्त्रालयको सहमति लिई संशोधन गर्न सक्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रममा उल्लिखित क्रियाकलापको वार्षिक लक्ष्य नघट्ने गरी र स्रोत फरक नपर्ने गरी सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले देहाय बमोजिम कार्यक्रम संशोधन तथा रकमान्तर गर्न सक्नेछः-

(क) एकै बजेट उपशीर्षकभित्रको भइरहेको क्रियाकलापको परिमाणात्मक लक्ष्य थपघट गर्ने गरी कार्यक्रम संशोधन,

(ख) खण्ड (क) बमोजिम कार्यक्रम संशोधन गर्दा रकमान्तर गर्नुपर्ने भएमा स्रोत परिवर्तन नहुने गरी सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा १७ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशको अधिनमा रही थप हुने खर्च

शीर्षकको शुरु विनियोजनको पच्चीस प्रतिशतसम्मको रकमान्तर,

(ग) एकभन्दा बढी निकायमा बाँडफाँट भएको एकै बजेट उपशीर्षक अन्तर्गतको एकै खर्च शिर्षकको रकम एक निकायबाट घटाई अर्को निकायमा थप गर्नु पर्ने भएमा रकम घटाउने कार्यालयसँग सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयको रोक्का पत्रको आधारमा क्रियाकलापमा परिवर्तन नगरी तथा कुल परिमाणात्मक लक्ष्यमा नघट्ने गरी कार्यक्रम संशोधन ।

(८) उपदफा (७) बमोजिम सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले कार्यक्रम संशोधन तथा रकमान्तर गर्नुपर्ने भएमा देहायको खर्च शीर्षकभित्र रही कार्यक्रम संशोधन तथा रकमान्तर गर्नु पर्नेछः-

२२२११, २२२१२, २२२१३, २२२१४, २२२२१, २२२३१, २२२९१, २२३११, २२३१२, २२३१३, २२३१४, २२३१५, २२३१९, २२५११, २२५१२, २२५२१, २२५२२, २२५२९, २२६११, २२६१२, २२६१९ र २२७११ ।

(९) उपदफा (६), (७) र (८) बमोजिम संशोधन तथा रकमान्तर सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गराउनु पर्नेछ ।

९. <u>निर्देशिका, कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्नेः</u> (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएका कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक पर्ने देखिएमा आर्थिक मामिला मन्त्रालयको सहमति लिई सम्बन्धित मन्त्रालयले कार्यविधि बनाउन सक्नेछ । त्यस्तो

कार्यविधि स्वीकृत भएको सात दिनभित्र वेवसाइटमा राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निर्देशिका, कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(४) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने व्यवस्थाका सम्बन्धमा आर्थिक मामिला मन्त्रालयले आवश्यक मार्गदर्शन बनाई लागू गर्न गराउन सक्नेछ ।

१०. <u>आदेश जारी गर्न सक्ने</u>: (१) यस ऐनको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले आवश्यक आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ ।

११. <u>विविध</u>: (१) प्रदेश सरकारको विनियोजन ऐन पारित भईसके पश्चात नेपाल सरकारबाट स्रोतको रुपमा प्रस्तावित वित्तीय हस्तान्तरणको रकम थपघट हुने गरी रकम प्राप्त भएमा आर्थिक मामिला मन्त्रालयले त्यसरी थपघट भएको रकमको लेखा राखी रकम घटेमा विषयगत मन्त्रालय तथा निकायलाई आवश्यक निर्देशन दिने र रकम बढेमा खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालय तथा निकायलाई दिनेछ ।

(२) उपदफा (१) बमोजिम चालु आर्थिक वर्षमा प्राप्त भएको रकमको समायोजित विवरण आगामी आर्थिक वर्षको आय र व्ययको विवरणसाथ प्रदेश सभामा पेश गर्नु पर्नेछ ।

## प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने अनुमानको सारांश

### अनुसूची-१

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २०२ | प्रदेश व्यवस्थापिका (सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा) | २७२० | ० | ० | २७२० |
| २ | ६०२ | अर्थ- विविध (न्यायिक फिर्ता) | ३००० | ० | ० | ३००० |
| **जम्मा** | | | | | | ५७२० |

अनुसूची-२

दफा (२) र (३) सँग सम्बन्धित

प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम

(रू. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | २०२ | प्रदेश व्यवस्थापिका सचिवालय | २९३४०३ | ७४०० | ० | ३००८०३ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ९१२१९ | ७०८० | | ९८२९९ |
| ३ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४०५१६० | ९९७१० | ० | ५०४८७० |
| ४ | ३०५ | आर्थिक मामिला मन्त्रालय | २१९३८० | ४५७०७ | ० | २६५०८७ |
| ५ | ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १०८६८७१ | १५२४४२१ | ० | २६११२९२ |
| ६ | ३१२ | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २७३७६०१ | ३६६०६६ | ० | ३१०३६६७ |
| ७ | ३१४ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १३८०२७ | ३८४२२६ | ० | ५२२२५३ |
| ८ | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ५०९१४२ | १७७५७२०४ | ० | १८२६६३४६ |
| ९ | ३५० | सामाजिक विकास मन्त्रालय | ३८३७४३४ | २९५१८४७ | ० | ६७८९२८१ |
| १० | ३९१ | प्रदेश नीति तथा योजना आयोग | ३०४१६ | ११०० | | ३१५१६ |
| ११ | ५०१ | अर्थ वित्तीय व्यवस्था | | | ३००००० | ३००००० |
| १२ | ६०२ | अर्थ विविध | १५८३३३१ | १०००००० | ० | २५८३३३१ |
| १३ | ८०१ | स्थानीय तह (वित्तीय समानीकरण) | ७६४००० | | ० | ७६४००० |
| | | स्थानीय तह (सशर्त अनुदान) | ० | | ० | ० |
| | | स्थानीय तह (समपूरक अनुदान) | ३५०००० | | ० | ३५०००० |
| | | स्थानीय तह (विषेश अनुदान) | २५०००० | | ० | २५०००० |
| कुल जम्मा | | | १२२९५९८४ | २४१४४७६१ | ३००००० | ३६७४०७४५ |

आ.व २०७९/८० मा प्रदेशवाट अन्तर सरकारी हस्तान्तरणबाट स्थानीय तहमा जाने अनुदानको विवरण

(रु. हजारमा)

| शीर्षक | समानीकरण अनुदान | सशर्त अनुदान | विशेष अनुदान | समपुरक अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| **बाजुरा** | | | | | |
| **नगरपालिका** | | | | | |
| ८०१०७११३३ त्रिवेणी नगरपालिका | ८४३७ | ० | २४०० | २४०० | १३२३७ |
| ८०१०७११४३ बडिमालिका नगरपालिका | ८५६७ | ० | २५०० | ७८०० | १८८६७ |
| ८०१०७११५३ बुढिगंगा नगरपालिका | ९५९४ | ० | २५०० | २००० | १४०९४ |
| ८०१०७११६३ बुढिनन्दा नगरपालिका | ८५६९ | ० | ६००० | २४९४ | १७०६३ |
| **गाउँपालिका** | | | | | |
| ८०१०७३२०३ गौमुल गाउँपालिका | ५४८३ | ० | ६००० | ३००० | १४४८३ |
| ८०१०७३२१३ खसड छेडेदह गाउँपालिका | ८५१२ | ० | २५०० | ३००० | १४०१२ |
| ८०१०७३२२३ जगन्नाथ गाउँपालिका | ५६५४ | ० | ० | ३७०० | ९३५४ |
| ८०१०७३२३३ स्वामिकार्तिक खापर गाउँपालिका | ६८४८ | ० | २५०० | ४००० | १३३४८ |
| ८०१०७३२४३ हिमाली गाउँपालिका | ५५८१ | ० | २५०० | ४००० | १२०८१ |
| **बझाङ** | | | | | |
| **नगरपालिका** | | | | | |
| ८०१०७११७३ जयपृथ्वी नगरपालिका | १०२०९ | ० | २५०० | ४८०० | १७५०९ |
| ८०१०७११८३ बुंगल नगरपालिका | १२०७९ | ० | २५०० | ० | १४५७९ |
| **गाउँपालिका** | | | | | |
| ८०१०७३२५३ साइपाल गाउँपालिका | २८०४ | ० | २५०० | ५००० | १०३०४ |
| ८०१०७३२६३ केदारस्युँ गाउँपालिका | ९३०९ | ० | २५०० | ७२०० | १९००९ |
| ८०१०७३२७३ खप्तडछान्ना गाउँपालिका | ७९५० | ० | २५०० | २३५० | १२८०० |
| ८०१०७३२८३ छबिसपाथिभेरा गाउँपालिका | ८०४१ | ० | २५०० | १९२२ | १२४६३ |
| ८०१०७३२९३ तलकोट गाउँपालिका | ६६४१ | ० | २४०० | ८९३ | ९९३४ |
| ८०१०७३३०३ थलारा गाउँपालिका | ८५२२ | ० | २५०० | २७०० | १३७२२ |
| ८०१०७३३१३ दुर्गाथली गाउँपालिका | ६९८८ | ० | २५०० | २६०० | १२०८८ |
| ८०१०७३३२३ मष्टा गाउँपालिका | ७४९७ | ० | २५०० | ८०८० | १८०७७ |
| ८०१०७३३३३ वित्थडचिर गाउँपालिका | ८०७७ | ० | २५०० | ७४६५ | १८०४२ |
| ८०१०७३३४३ सूर्मा गाउँपालिका | ५३७६ | ० | २५०० | ५१०० | १२९७६ |
| **डोटी** | | | | | |
| **नगरपालिका** | | | | | |
| ८०१०७१०७३ दिपायल सिलगढी नगरपालिका | ९६०७ | ० | २५०० | ७४०० | १९५०७ |
| ८०१०७१०८३ शिखर नगरपालिका | ८४१० | ० | १०००० | २२२७ | २०६३७ |
| **गाउँपालिका** | | | | | |
| ८०१०७३०७३ आदर्श गाउँपालिका | ६९९० | ० | ४१५८ | २४०० | १३५४८ |
| ८०१०७३०८३ के.आइ.सिं गाउँपालिका | ६४८३ | ० | २५०० | ४७०० | १३६८३ |
| ८०१०७३०९३ जोरायल गाउँपालिका | ७०९० | ० | २५०० | १७२९ | ११३१९ |
| ८०१०७३१०३ पुर्बिचौकी गाउँपालिका | ६७६१ | ० | ० | ० | ६७६१ |
| ८०१०७३११३ बडिकेदार गाउँपालिका | ५९२३ | ० | २५०० | २६०० | ११०२३ |
| ८०१०७३१२३ बोगटान फुडसिल गाउँपालिका | ५९९१ | ० | ० | २४८७ | ८४७८ |
| ८०१०७३१३३ सायल गाउँपालिका | ६०२८ | ० | ३५८० | २४०० | १२००८ |
| **अछाम** | | | | | |
| **नगरपालिका** | | | | | |
| ८०१०७१०९३ कमलबजार नगरपालिका | ६७५९ | ० | २५०० | २२०० | ११४५९ |
| ८०१०७११०३ पंचदेवल विनायक नगरपालिका | ७१८५ | ० | ० | ० | ७१८५ |
| ८०१०७१११३ मंगलसेन नगरपालिका | ८५१५ | ० | २५०० | २५३० | १३५४५ |
| ८०१०७११२३ साँफेबगर नगरपालिका | ८८०१ | ० | २५०० | २४०० | १३७०१ |

आ.व २०७९/८० मा प्रदेशवाट अन्तर सरकारी हस्तान्तरणबाट स्थानीय तहमा जाने अनुदानको विवरण

(रु. हजारमा)

| शीर्षक | समानीकरण अनुदान | सशर्त अनुदान | विशेष अनुदान | समपुरक अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| **गाउँपालिका** | | | | | |
| ८०१०७३१४३ चौरपाटी गाउँपालिका | ६८९२ | ० | २५०० | २००० | ११३९२ |
| ८०१०७३१५३ ढकारी गाउँपालिका | ६३३८ | ० | २५०० | ० | ८८३८ |
| ८०१०७३१६३ तुर्माखाद गाउँपालिका | ७१०१ | ० | ० | ६००० | १३१०१ |
| ८०१०७३१७३ बान्नीगढी जयगढ गाउँपालिका | ५८५७ | ० | २५०० | ३७५० | १२१०७ |
| ८०१०७३१८३ मेल्लेख गाउँपालिका | ७०३१ | ० | २५०० | ० | ९५३१ |
| ८०१०७३१९३ रामारोशन गाउँपालिका | ७१४३ | ० | २५०० | ८१४० | १७७८३ |
| **दार्चुला** | | | | | |
| **नगरपालिका** | | | | | |
| ८०१०७११९३ माहाकाली नगरपालिका | १०८४६ | ० | २५०० | ७४०० | २०७४६ |
| ८०१०७१२०३ शैल्यशिखर नगरपालिका | १०५७२ | ० | २५०० | ८००० | २१०७२ |
| **गाउँपालिका** | | | | | |
| ८०१०७३३५३ अपिहिमाल गाउँपालिका | ५३४० | ० | २५०० | १४०० | ९२४० |
| ८०१०७३३६३ दुहुँ गाउँपालिका | ६८२७ | ० | २५०० | ९००० | १८३२७ |
| ८०१०७३३७३ नौगाड गाउँपालिका | ८२०२ | ० | २५०० | ४००० | १४७०२ |
| ८०१०७३३८३ व्यास गाउँपालिका | ६७१४ | ० | २५०० | १००८७ | १९३०१ |
| ८०१०७३३९३ मार्मा गाउँपालिका | ८२४८ | ० | ३८६० | २५०० | १४६०८ |
| ८०१०७३४०३ मालिकार्जुन गाउँपालिका | ८६५२ | ० | ६५०० | ४५०० | १९६५२ |
| ८०१०७३४१३ लेकम गाउँपालिका | ८२९५ | ० | २००० | ३२०० | १३४९५ |
| **बैतडी** | | | | | |
| **नगरपालिका** | | | | | |
| ८०१०७१२१३ दशरथचन्द नगरपालिका | ९५१६ | ० | २५०० | ३४०० | १५४१६ |
| ८०१०७१२२३ पाटन नगरपालिका | ८६१३ | ० | २५०० | ६५५९ | १७६७२ |
| ८०१०७१२३३ पुर्चौडी नगरपालिका | ९३८८ | ० | २५०० | १०८०० | २२६८८ |
| ८०१०७१२४३ मेलौली नगरपालिका | ७०५१ | ० | ९००० | ६२५० | २२३०१ |
| **गाउँपालिका** | | | | | |
| ८०१०७३४२३ डिलासैनी गाउँपालिका | ७२१७ | ० | २५०० | ० | ९७१७ |
| ८०१०७३४३३ दोगडाकेदार गाउँपालिका | ७४९२ | ० | २५०० | ४७०० | १४६९२ |
| ८०१०७३४४३ पन्चेश्वर गाउँपालिका | ६२२० | ० | ८३५७ | २४०० | १६९७७ |
| ८०१०७३४५३ शिवनाथ गाउँपालिका | ५८१८ | ० | २५०० | २१०० | १०४१८ |
| ८०१०७३४६३ सिगास गाउँपालिका | ६८१४ | ० | २५०० | १९०० | ११२१४ |
| ८०१०७३४७३ सुर्नया गाउँपालिका | ६२७९ | ० | २५०० | ३७०० | १२४७९ |
| **डडेल्धुरा** | | | | | |
| **नगरपालिका** | | | | | |
| ८०१०७१२५३ अमरगढी नगरपालिका | ७३६८ | ० | २५०० | ० | ९८६८ |
| ८०१०७१२६३ परशुराम नगरपालिका | ९१२२ | ० | २५०० | २४०० | १४०२२ |
| **गाउँपालिका** | | | | | |
| ८०१०७३४८३ अजयमेरु गाउँपालिका | ६०९० | ० | २५०० | २२६३ | १०८५३ |
| ८०१०७३४९३ आलिताल गाउँपालिका | ६३३५ | ० | २५०० | ५००० | १३८३५ |
| ८०१०७३५०३ गन्यापधुरा गाउँपालिका | ५५९५ | ० | २५०० | ० | ८०९५ |
| ८०१०७३५१३ नवदुर्गा गाउँपालिका | ६४२४ | ० | ७००० | २००० | १५४२४ |
| ८०१०७३५२३ भागेश्वर गाउँपालिका | ५५६७ | ० | २५०० | ६००० | १४०६७ |

आ.व २०७९/८० मा प्रदेशवाट अन्तर सरकारी हस्तान्तरणबाट स्थानीय तहमा जाने अनुदानको विवरण

(रु. हजारमा)

| शीर्षक | समानीकरण अनुदान | सशर्त अनुदान | विशेष अनुदान | समपुरक अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| कञ्चनपुर | | | | | |
| नगरपालिका | | | | | |
| ८०१०७१२७३ कृष्णपुर नगरपालिका | १२७८४ | ० | ० | ० | १२७८४ |
| ८०१०७१२८३ पुनर्वास नगरपालिका | १२४१६ | ० | ७००० | १०३५४ | २९७७० |
| ८०१०७१२९३ बेदकोट नगरपालिका | ११९५४ | ० | २५०० | ६७०० | २११५४ |
| ८०१०७१३०३ बेलौरी नगरपालिका | १२५९१ | ० | २५०० | ७५०० | २२५९१ |
| ८०१०७१३१३ भिमदत्त नगरपालिका | २०९९६ | ० | ० | ४८०० | २५७९६ |
| ८०१०७१३२३ माहाकाली नगरपालिका | १०२५७ | ० | २५०० | २५०० | १५२५७ |
| ८०१०७१३३३ शुक्लाफाँटा नगरपालिका | ११४९२ | ० | २५०० | ३४०० | १७३९२ |
| गाउँपालिका | | | | | |
| ८०१०७३५३३ बेलडाँडी गाउँपालिका | ७२२५ | ० | २५०० | ५००० | १४७२५ |
| ८०१०७३५४३ लालझाडी गाउँपालिका | ७१८८ | ० | ३२४५ | ८१०० | १८५३३ |
| कैलाली | | | | | |
| उपमहानगरपालिका | | | | | |
| ८०१०७०३१३ धनगढी उप महानगरपालिका | २४३४५ | ० | ३००० | ५००० | ३२३४५ |
| नगरपालिका | | | | | |
| ८०१०७१०१३ गोदावरी नगरपालिका | १६०१० | ० | ० | २५०० | १८५१० |
| ८०१०७१०२३ गौरीगंगा नगरपालिका | १३०१९ | ० | २५०० | ७३०० | २२८१९ |
| ८०१०७१०३३ घोडाघोडी नगरपालिका | १५४२६ | ० | ९५०० | ११८०० | ३६७२६ |
| ८०१०७१०४३ टिकापुर नगरपालिका | १५७९७ | | ४५०० | २५०० | २२७९७ |
| ८०१०७१०५३ भजनी नगरपालिका | ११८६६ | ० | ० | ६६०० | १८४६६ |
| ८०१०७१०६३ लम्किचुहा नगरपालिका | १५३३७ | ० | ० | ७००० | २२३३७ |
| गाउँपालिका | | | | | |
| ८०१०७३०१३ कैलारी गाउँपालिका | ११४९० | ० | २५०० | ५४२० | १९४१० |
| ८०१०७३०२३ चुरे गाउँपालिका | ६५३८ | ० | २५०० | ४००० | १३०३८ |
| ८०१०७३०३३ जानकी गाउँपालिका | ११५९५ | ० | ६५०० | ४००० | २२०९५ |
| ८०१०७३०४३ जोशिपुर गाउँपालिका | ९५४८ | ० | २५०० | २५०० | १४५४८ |
| ८०१०७३०५३ बर्दगोरिया गाउँपालिका | ८९१८ | ० | २५०० | ० | ११४१८ |
| ८०१०७३०६३ मोहन्याल गाउँपालिका | ६९६० | ० | ० | ० | ६९६० |
| जम्मा | ७६४००० | ० | २५०००० | ३५०००० | १३६४००० |

प्रमाणीकरण मिति : २०७९/०३/३२

आज्ञाले,

कमलराज ढकाल

प्रदेश सरकारका सचिव



मुद्रक: आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली। मूल्य: रु. १०।-